नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## (विकास सहायता समन्वय शाखा)

प.सं. २०७५/०७६ (विसस) चलानी संख्या:: ९०

मिति २०७५/४/६

विषय :आयोजनामा कार्यरत साविकका कर्मचारी तथा सम्पत्तीको व्यवस्थापन सम्बन्धमा।

श्री स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग,
ललितपुर।

साविकमा तहाँ विभाग अन्तर्गत सञ्चालित ग्रामीण खानेपानी तथा सरसफाई आयोजना र स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम(RTI-SWAp)को लागि चालू आ.व.०७५।७६ मा नेपाल सरकारबाट बजेट व्यवस्था नभएकोले उक्त आयोजना तथा कार्यक्रम अन्तर्गत कार्यरत कर्मचारी एवं जनशक्ति व्यवस्थापन सम्बन्धमा देहाय बमोजिम गर्नु गराउनुहुन नेपाल सरकार (मा. मन्त्रीस्तर) को मिति २०७५।४।३ गतेको निर्णयानुसार अनुरोध गर्दछु।

१ उल्लिखित कार्यक्रममा कार्यरत स्थायी (निजामती) कर्मचारीहरूलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कर्मचारी प्रशासन महाशाखाले सोही प्रकृतिको कार्य गर्ने अन्य निकायमा खटाउने।

२ विगत लामो समयदेखि माथि उल्लिखित कार्यक्रम तथा आयोजनामा कार्यरत आयोजनाका स्थायी अस्थायी कर्मचारीहरूको कार्यानुभव र योग्यताको कदर गर्दै आ.व. ०७५।७६ देखि कार्यक्रम लागू भएका जिल्लाको गाऊँपालिका वा नगरपालिकाको स्वीकृत रिक्त मिल्दो पदमा सम्बन्धित जि.स.स. ले कामकाज गर्ने गरी खटाउने। (यसमा उदाहरणको लागि खानेपानी सहायक टेक्निसियन महिला कार्यकर्ता पद रा.प. अनं. द्वितीय वा तृतीय वा प्रथम तहको प्राविधिक भन्ने बुझ्नुपर्छ)

३ उक्त कार्यक्रमहरुमा कार्यरत स्थायी अस्थायी कर्मचारीहरुलाई स्थानीय तहमा खटाइएको अवस्थामा २०७५ साल आषाढ ३२ गते सम्मको निजहरूले पाउने सुविधाहरू निजहरूको नियुक्ति हुँदाका बखत उल्लिखित सेवा शर्त अनुसार नेपाल सरकारले बेहोर्ने कुरा स्पष्ट गरी खटाउने।

४ उक्त कार्यक्रमहरुमा कार्यरत स्थायी अस्थायी कर्मचारीहरुलाई उपरोक्तानुसार स्थानीय तहको मिल्दो पदमा खटाउन सम्भव नभएमा नियुक्त हुँदाका बखत उल्लिखित सेवा शर्त अनुसारको सम्पूर्ण सुविधा रकम नेपाल सरकारले उपलब्ध गराई २०७५ श्रावण १ गते देखि लागू हुने गरी सेवाबाट अवकाश दिने।

५ यी आयोजना तथा कार्यक्रमका जिल्लास्तरीय ईकाईमा रहेका कार्यालयहरुको सम्पूर्ण चल अल सम्पति एवं कागजातहरू सम्बन्धित जिल्ला समन्वय समितिले र कार्यक्रम कार्यान्वयन समन्वय इकाईमा रहेका सम्पूर्ण चल अल सम्पति एवं कागजातहरू स्थानीय पूर्वाधार व्यवस्थापन विभागले बुझ्ने व्यवस्था मिलाउने।

६ यसरी स्थानीय तहमा खटाईएका कर्मचारीहरुको नियमानुसारको तलब तथा सुविधा २०७५ श्रावण १ गते देखि सम्बन्धित स्थानीय तहले नै व्यहोर्ने।

(लेखनाथ भट्टराई)
शाखा अधिकृत

**बोधार्थ**:
श्री कर्मचारी प्रशासन महाशाखा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय।



Scanned by CamScanner